म.ले.प.फारम नं.९०९

कोशी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कार्यालय कोड नं.

## भ्रमण प्रतिवेदन

**भ्रमण आदेश नं. ३६२,३६३,३६४ र ३६८**

**भ्रमण टोली प्रमुखः दुर्गा प्रसाद सिग्देल**

**भ्रमण अवधिः २०८२/१०/१५ देखि २०८२/१०/१७**

### क.भ्रमणको उद्देश्यः

- मुख्यमन्त्रीसंग बालबालिका कार्यक्रमको सहभागीता र कार्यक्रम अनुगमन,
- अनुभव आदनप्रदान गर्ने,
- बालबालिकाबाट उठेका असल अभ्यासलाई मन्त्रालयको आगमी नीति तथा कार्यक्रममा समावेश गर्ने।

### ख. सम्पादित मुख्य मुख्य काम :

- कार्यक्रमको उद्घाटन सत्र,
- बालबालिकाबाट उठेका प्रश्नको प्रमुख अथिति तथा प्रदेश सरकारका मुख्यमन्त्री मा. हिक्मतकुमार कार्कीज्यूले जवाफ दिनुभयो,
- प्रश्नोत्तरको शृङ्खला सकिएपश्चात कार्यक्रमका सभाध्यक्ष तथा सामाजिक विकास मन्त्री मा. रामप्रसाद महतोज्यूले समापन गर्नुभयो।

### ग. सिकाइ तथा उपलब्धिः

- बालबालिकाको प्रश्नमार्फत विद्यार्थीहरुको चाहना र बौद्धिक क्षमताको स्तर थाहा भयो।
- सिधै बालबालिकाले मुख्यमन्त्रीसंग आमनेसामने भएकाले सरकार सिकाइप्रति जिम्मेवार तथा जवाफदेही भएको महसुस सहभागीबाट प्राप्त भएको।
- माननीय मुख्यमन्त्रीको बाल्यकाल, युवावस्था र नेतृत्वकर्तासम्म आईपुग्दाका अनुभवले केही हदसम्म बालबालिकाहरुलाई भावि योजनामा मार्गदर्शन र सहजता हुने।

**<u>बालबालिकाबाट मा. मुख्यमन्त्री श्री हिक्मतकुमार कार्कीज्यूलाई सोधिएका १५ मध्ये केही प्रश्नहरुः</u>**

- ✓ तपाईको बाल्यकाल कसरी वितेको थियो?
- ✓ एक असल र सफल बालबालिका बन्नका लागि हामीमा कस्तो गुण हुनुपर्दछ?
- ✓ यो कार्यक्रमले विद्यार्थीलाई कस्तो प्रभाव पार्दछ?
- ✓ मुख्यमन्त्रीको हैसियतले शहिद दिवसको अवसरमा शहिदको सपना साकार पार्न के गर्ने सोचमा हुनुहुन्छ?
- ✓ कतिपय युवाले आफ्नो रुचिलाई ठम्याउन सकिरहेका हुदैनन् त्यो अवस्थामा तपाईले सपनालाई कसरी ठम्याउनुभयो?
- ✓ तपाईको स्वाभाव बाल्यकालमा कस्तो थियो?
- ✓ बालबालिकाले अध्ययनलाई अर्थपूर्ण र प्रभावकारी बनाउन के गर्नुपर्दछ?

कोशी प्रदेश सरकार

म.ले.प.फारम नं.९०

## सामाजिक विकास मन्त्रालय

कार्यालय कोड नं.

- ✓ तपाईले कार्यालय समयबाहेक अरु के गर्नुहुन्छ?
- ✓ वर्तमान समयमा विद्यार्थीहरु राजनितिज्ञप्रति असन्तुष्ट देखिन्छन् यस्तो अवस्थामा उनीहरुलाई सचेत बनाउन के गर्नुहुन्छ?
- ✓ तपाईको राजनितिक प्रेरणाको श्रोत को हो?
- ✓ प्रदेश किन आवश्यक छ र हालसम्म प्रदेशले गरेका महत्वपूर्ण कार्यहरु के के छन?

### घ. सारांश तथा सुझावहरू:

- कार्यक्रमले बालबालिकाको समग्र सिकाइमा जोड दियो,
- यस्ता कार्यक्रमका साथै सम्बन्धित सरोकारवालहरुसंग अन्तर्क्रिया गरी बालबालिकाको मागवमोजिमको कुरा शैक्षिक नीतिमा समावेश गर्ने,
- कार्यक्रमलाई अझ व्यवस्थित गर्न उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई पनि समेट्नु उपयुक्त हुने।

### ङ. भ्रमण पुष्टि गर्ने संलग्न कागजातको विवरण:

१.भ्रमण आदेश
२.भ्रमण बिल र निवेदन
३ प्रतिवेदन सहितको फोटोहरु

| | | | |
|---|---|---|---|
| ........... | ........................ | ........................ | ........................ |
| भ्रमणमा जाने कर्मचारी | भ्रमणमा जाने कर्मचारी | भ्रमणमा जाने कर्मचारी | भ्रमणमा जाने कर्मचारी |
| नामः नरेन्द्र वली | नामः हरिप्रसाद दहाल | नामः चन्दनकुमार ठाकुर | नामः दुर्गा प्रसाद सिग्देल |
| पदः प्राविधिक सहायक | पदः शिक्षा अधिकृत | पदः कानून अधिकृत | पदः उपसचिव |